**Publisher : Everest World Ltd.**
Chief Editor : B K Pandey
Editor : Govind Belbase
Managing Editor : B P Khanal
**Address** : 51 Brookfurlong, Peterborough, PE3 7LQ
*Web , www.nepalisandesh.com*
*Email , editor@nepalisandesh.com*
*Phone , 01733269772 / 07723368496*
*Fax , 01733530444*

# नेपाली सन्देश

The Nepali Sandesh Weekly साप्ताहिक

सम्पादकीय

## दलालहरूसँग होसियार हुनु जरूरी

गएको महिना बेलायत पढ्न आएका किशोर किशोरीहरूलाई नेपाली दलालले मोजाम्बिक पुऱ्याएर जेलको छिँडी कुर्नुपर्ने बनाइदियो। पत्र पत्रिकाले त्यस बारेमा दलालको आधा नाम मात्र पत्ता लगाउन सके र त्यही लेखे। नाम सन्तोष भएको तर थर भन्न नसकेकोले शंका-उपशंकाको भरमा एकिनको साथ यो नै हो भन्न सकिने स्थिति रहेन। एकचोटी चर्चामा आए पनि यो घटनाक्रमको खोजी गर्ने, सत्यतथ्य पत्ता लगाउने र त्यसरी सीधा नेपाली विद्यार्थीको पैसा पनि खाने अनि विदेशी जेलमा ती विद्यार्थीलाई फँसाउने दलालको खोजिनीति गर्ने र कठघरामा उभ्याउने काममा नेपालको राज्यतर्फबाट पनि उल्लेखनीय पहल भएको छैन। नेपालीलाई ठग्ने उक्त नेपाली दलाललाई चिन्न नसक्नुले त्यस्तो काम गर्ने त्यो व्यक्तिमा फेरि यस्तो काम गर्ने हौसला बढ्न पुगेको छ। उसले केही समय विश्राम गर्नेछ र हल्ला शान्त भएपछि फेरि अर्को शिकारको खोजीमा लाग्नेछ।

नेपाली दलालले मात्र होइन विद्यार्थीको रूपमा बेलायत आएका एक दम्पत्ति लागु औषधको कारोवारमा जेल परेका छन्। काम नपाएको समयमा काम दिएको आधारमा अत्यन्त विश्वस्त भई आफ्नो नाममा कम्पनी खोलिदिने सम्मको कार्य गर्न पनि नेपाली विद्यार्थीहरू तयार हुनुले अझै के कस्ता खालका दुर्घटना हुने हो यो चिन्ताको विषय बनेको छ। नेपाली विद्यार्थीहरूको नाममा रहेको खातालाई समेत प्रयोग गरेर दलालहरूले नेपाली विद्यार्थीहरूलाई अप्ठ्यारोमा पार्ने संभावना वढ्दै गएको छ। यसबारेमा बेलायतस्थित वुज्रुक नेपालीहरूले नेपाली विद्यार्थीहरूलाई सचेत गराउनु जरूरी छ।

काम नै नपाइने र पाइ हालेमा पनि गुजारा नचल्ने खालको मात्र पाइनुले पनि विद्यार्थीहरू अहिले दलाल प्रवृत्ति भएका व्यक्तिहरूसँग फँस्न पुगेका छन्। जुन अत्यन्त दुर्भाग्यपूर्ण कुरा हो।

नेपालीहरू खाडीको मुलुक, भारत, मलेसिया जस्ता देशहरूमा जानी नजानी विभिन्न घटनामा फँसाइने गरिएकोमा अव बेलायत पनि ती मुलुकजस्तै हुन पुगेको छ। त्यसैले काम नपाएको कारण बैंक खाता चलाउन अर्कालाई दिने, एनआई अर्कालाई दिने, आफ्नो नाममा कम्पनी वा फर्म चलाउन दिने जस्ता कामहरू नगर्नुमा नै नेपाली विद्यार्थीको लागि सुरक्षाको आधार हुनेछ। यसबारेमा बेलायती सरकार, नेपाली सरकार तथा बेलायतमा रहेका संघ-संस्थाहरू एवं सञ्चार जगतले प्रचार प्रसारमा ध्यान दिनु जरूरी छ।

**स्वादिष्ट नेपाली खानाका लागि स्पाइस जोन (Spice Zone) अल्डरशट**

कुनै पनि शुभकार्य जस्तै शुभ-विवाह, जन्मदिन एवं संघसंस्थाका पार्टीका लागि हामी सधैँ तत्पर रहने छौं। यसवाहेक क्याटरिङको साथमा बीबीक्यु पनि गर्नेछौं। साथै कुनै पनि नेपाली संघसंस्थाका बैठक एवम् छलफल गर्ने स्थान निशुल्क उपलब्ध गराउछौं तथा बैठक अवधिमा हामी तपाईलाई पेय पदार्थको साथमा सुपथ मूल्यमा नेपाली खाना पनि उपलब्ध गराउछौं।

नोट : हामी इण्डियन परिवार तथा पिजा होम डेलिभरी पनि गर्छौं।

**स्पाइस जोन**
**४१ स्टेशन रोड, अल्डरशट**
**टेलिफोन ०१२५२३१६७७७**

सन्दर्भ नेपाली कांग्रेसको बाह्रौ महाधिवेशन

# कांग्रेसको महाधिवेशन र युवाहरूको प्रतिनिधित्व

समसामायिक ▪ शिवजी श्रेष्ठ

बि.सं. २०४८ सालको आम निर्वाचनको प्रचार-प्रसारको कार्यक्रम बेतोडले चलिरहेको थियो। ओखलढुंगाको पूर्वतिरको एउटा गाउँमा नेपाली कांग्रेसले सञ्चालन गरिरहेको आमसभामा नेकपा (एमाले) को केही कार्यकर्ता आएर नेपाली कांग्रेसका उम्मेदवारलाई विभिन्न प्रश्नहरू सोध्न थालेपछि स्थिति असामान्य हुँदै अप्रिय हुन गइरहेको थियो। विवादहरू बढ्दै गइरहेको बेला मेरो मित्र ने.वि.संघका तत्कालीन केन्द्रीय सदस्य भिस्मराज कार्कीले एक जना एमालेका कार्यकर्ताको पाखुरा समातेर सोधेका थिए, 'तिमीले आफूलाई कम्युनिष्ट भन्छौ, लौ भन 'दास क्यापिटल' को दोश्रो पानामा के छ ?' त्यो एमालेको कार्यकर्ता अक्क न बक्क परे, म पनि छक्क परेँ। किनकि वास्तवमा के छ त 'दास क्यापिटल' को दोश्रो पानामा ? अनि त्यतिखेर भनिन्थ्यो, कम्युनिष्ट कार्यकर्ता अध्ययनशिल हुन्छन्, नेपाली कांग्रेसका कार्यकर्ता अध्ययनहिन। वास्तवमा थियो पनि त्यस्तै।

नेपाली कांग्रेसका पुराना पुस्ताका नेताहरूका अधिकांश समय त संवैधानिक राजतन्त्र, प्रजातान्त्रिक समाजवाद भन्दै आन्दोलन र क्रान्तिमा नै बिते। न त तिनीहरूले संवैधानिक राजतन्त्र र के हो प्रजातान्त्रिक समाजवाद भन्ने बुझे, बुझ्न खोजे, न त पछिल्लो पुस्तालाई नै त्यसबारेमा बुझाउन सके। नेपाली कांग्रेसको बहुदलीय व्यवस्थाको पुर्नस्थापनापछिको दुई दशक पनि 'बीपीले यसो भन्नुहुन्थ्यो' भनेरै बित्यो।

एकताका एउटा रमाइलो भनाई प्रचलनमा थियो, जब किशुनजी अन्तरिम सरकारको प्रधानमन्त्री हुनुहुन्थ्यो। पत्रकारले सोधेको प्रश्नमा 'मेरो योजना बीपीकै जस्तो' भनेर नभन्नुहोला है भनेर व्यङ्ग्य गरिन्थ्यो। तत्कालीन प्रम हुँदा बीपीले राजा महेन्द्रको सोधाईमा 'मेरो यो सपना भनेको प्रत्येक नेपालीलाई म जत्तिकै आर्थिक हैसियतको बनाउने, जहाँ एउटा नेपालीले आफ्नो वच्चालाई मैले जस्तै पढाउन सकोस्, औषधि गर्न सकोस् र मैलेजस्तै एउटा गाई पाल्न सकोस् र आफ्नो वच्चालाई दुध खुवाउन सकोस्,' भनेका थिए। किशुनजीले पनि त्यही दोहोऱ्याइदिए। 'जनताको अवस्था उही एउटा छाता, सुराही र टिनको ट्याङ्कामा मात्र सिमित हुनेछ' भन्ने भनाई थियो। अर्थात नयाँ भिजन केही छैन खालि बीपीकै नाम भजाउनेहरूलाई ब्यङ्ग्य।

जसरी नेपाली कम्युनिष्ट मार्क्स र लेनिनकै जस्तो दाह्री, माओको जस्तै सुट र स्टालिनकै सन् १९३० ताकाका आर्थिक नीतिको नक्कलमा रमाउँथे र उनीहरूले त्यति बेला के गरे, अहिले पनि त्यसलाई नक्कल गर्नुपर्छ भन्छन्, नेपाली कांग्रेसभित्र पनि बीपीले पचास वर्षअगाडि के भन्नुभएको थियो, त्यही नै नक्कल गर्नुपर्छ भन्ने मानसिकता राख्छन्।

अहिले नेपाली कांग्रेसको बाह्रौ महाधिवेशनको पूर्व सन्ध्यामा महाधिवेशन प्रतिनिधिहरू उल्लेखनीय रूपमा युवा पुस्ताका आएकोले नेपाली कांग्रेसको पुरानो छवि 'कांग्रेस बुढाहरूको पार्टी' परिवर्तन हुने हल्ला मच्चाइएको छ। युवा पुस्ताकाहरू केन्द्रीय समितिमा स्थान बनाउन जुर्मराएर लागेको पनि देखिन्छ। युवा दुई किसिमले हुन्छ - एउटा उमेरले, अनि अर्को सोचाईले। नेपाली कांग्रेसलाई अहिले दुईवटै किसिमको खाँचो छ। अझ त्यसमा पनि सोचाईले गिरिजाबाबुपछि युवाको खाँचो छ। अव नेतृत्व युवा पुस्तामा भनेर भन्ने अहिले देखिएका सभापति पदका तीनै प्रत्यासी मात्र हैन संसदीय दलको नेतृत्व गरेका नेता समेत ६५ वर्ष उमेरमाथिका छन्। जब कि बेलायतका पूर्व प्रधानमन्त्री टोनी ब्लेयरले दस वर्ष प्रधानमन्त्री भएर स्वेच्छाले पद त्याग गर्दा ५३ वर्ष उमेरका थिए भने अहिलेका प्रधानमन्त्री ४३ वर्षका छन् र अमेरिकाका बाराक ओबामा राष्ट्रपति हुँदा ४७ वर्षका थिए। अझ चाखलाग्दो कुरा नेपाली कांग्रेसका यिनै नेताहरूमध्ये एक नेताले बेलायत भ्रमणबाट फर्कने क्रममा नेपाली जनसम्पर्क समिति बेलायतका तत्कालीन सभापतिलाई 'मलाई इमेल गर्नुस्, मेरो छोरीलाई इमेल हेर्न आउँछ नि' भनेर भनेको कुरा ती मित्रले आश्चर्य मानी सुनाउँथे। आधुनिक विश्वमा यस्ता भिजन भएका नेताबाट नेपाली कांगेसका युवा पुस्ताले कतिसम्म परिवर्तनका आशा राख्न सक्छन् ?

उमेरले युवा नभएकाहरूको कुरा त आफ्नो ठाउँमा छ। तर अहिले केन्द्रीय नेतृत्वमा आउन आतुर युवा पुस्ताको पनि चिरफार जरूरी छ। उमेरले युवा भए पनि अध्ययन र सोचाईले कतिपय युवा नेताहरू पुराना पुस्ताका नेताहरूको छायामा हुर्किएका अर्थात हुर्किन रूचाउनेहरूको भीड पनि कम छैन। हिजोका पुस्ता 'बीपीले यसो भन्नुभयो' भनेरै बिताउने पुस्ता थिए भने, तिनै पुस्ताका छत्रछायामा हुर्किएका वा हुर्किन रूचाउने अहिलेका युवा पुस्ता पनि 'फलाना दाइले यसो भन्नुभयो' भनेर रमाउन चाहने छन्। झन् उमेरले युवा तर विचारले पुराना भएका नेताहरू पार्टीका लागि अझ अनुपयोगी हुन सक्छन्। तसर्थ पार्टीमा विचार र सोचले युवा भएको दस्ताको साँच्चै नै खाँचो छ। नेपाली कांग्रेस पार्टीको नेतृत्व तहमा आउनको लागि अहिले जुन युवा पुस्ता उत्साहित भए, यो पार्टी पंक्तिका लागि शुभ हुन सक्छ, तर एउटा बुझ्नुपर्ने कुरा के हो भने यो नेतृत्वमा आउने उत्साह स्वभाविक मानवीय चाहना मात्र हो ? अथवा पार्टीलाई समयको धारसँगै हिँडाउने, देशको नेतृत्वमा देखिएको असमाञ्जस्यतामा भोलि देशकै नेतृत्व गर्न सक्षम सोचका साथ कुनै दीर्घकालीन भिजन राखेर वा बनाएर आएका छन् ? वा हिजो ने.वि.संघ वा तरूण दलमा काम गरेको थिएँ, पार्टीमा काम गरेको यति वर्ष भयो, त्यसको ब्याज लिन वा कुनै दाइको छत्रछायाँबाट उक्लिने मात्रै सोचबाट निर्देशित छन् ? नेतृत्वका लागि आतुर पंक्तिले आफैभित्र केलाउन जरूरी छ। अहिलेका त्यो पंक्तिले भोलि नेतृत्व तहमा आएमा यसो गर्छ भनेर सोचेका वा बनाएका भिजन बाहिर आउन जरूरी छ। परिस्थितिवस आउने उही नेतृत्वकै लबिमा बाँडिएर पार्टीको पुरानै बाटोमा हिँड्ने हो भने स्वभाविक रूपमा उमेरको आधारमा छुट्टिने पुस्ता र पुस्ताबीचको हस्तान्तरण भन्दा केही फरक हुने छैन। पुराना पुस्ताका समयमा पार्टीको एउटै लक्ष्य थियो, व्यवस्था परिवर्तनको। जसको लागि आन्दोलन वा क्रान्ति उहाँहरूको साधन थियो। लामो प्रयासमा वहाँहरू सफल पनि हुनुभयो तर त्यसपछिका हुनुपर्ने लक्ष्य र बाटाहरू पनि परिवर्तन भएनन्। उही ५५ वर्ष अगाडि वि.सं.२०१२ सालमा बीपीले प्रतिपादन गरिदिएका प्रजातान्त्रिक समाजवाद र वि.सं.२०१७ सालमा बनेको पार्टीको पछिल्लो विधानमा तात्विक परिवर्तन नगरी चल्नु नै उसको साधन बन्यो। युवाहरू पनि आफू यही बाटोबाट माथिल्लो नेतृत्व तहमा रहेकाहरूको लबिमा एकातिर लाग्नुसिवाय दवाव शक्तिका रूपमा स्थापित हुन सकेनन्।

अहिले पनि युवा नेतृत्व दावी, मात्रै पत्रपत्रिकामा 'फलाना पनि केन्द्रीय कमिटिमा उमेदवार हुँदैछ' मा सिमित छ। ती युवा पंक्तिका विचारहरू बाहिर आएका छैनन्। कमसेकम उनीहरूले देखेका वा सोचेका, अझ भनौं परिवर्तनमुखी आकांक्षाहरू बाहिर आउन जरूरी छ। जसलाई नेतृत्वमा नआउने वा आउन नसक्ने युवाहरूले पनि आफ्ना विचारको प्रतिनिधित्व मान्न सकुन् र पुराना पुस्ताले पनि त्यसलाई समयको आवश्यकता ठानुन्। बीपीले आजभन्दा ५५ वर्ष अगाडिको नेपाललाई हेरेर प्रतिपादित प्रजातान्त्रिक समाजवाद यथास्थितिमा अव लागु गर्न सकिँदैन। यसबीचमा धेरै परिवर्तन आइसकेको छ। देशले ठूलो फड्को हानेर गणतन्त्रमा गइसकेको छ। देशको शैक्षिक, सामाजिक संरचनादेखि लिएर कृषी क्षेत्र, आर्थिक क्षेत्रमा पनि ठूलो परिवर्तन आइसकेको छ भने विश्व राजनीतिले धेरै परिवर्तन देखिसकेको छ। यस्तो अवस्थामा प्रजातान्त्रिक समाजवादको समय सान्दर्भिकीकरण अति आवश्यक छ। वि.सं. २००३ सालमा पार्टी स्थापना गर्दा राखिएको 'राजाको वैधानिक नेतृत्वमा' ( संवैधानिक राजतन्त्र) समयको मागअनुसार विस्थापित भएर गणतन्त्र स्थापना भइसक्दा पनि पार्टीको सर्वोच्च निकाय बोलाई संस्थागत गर्ने कार्य भएन। कुनै पनि मुद्दामा पार्टीको तल्लो निकाय अर्थात कार्यकर्ता स्तरसम्म पुऱ्याएर छलफल तथा वहस गर्ने, गराउने परिपाटिको विकास हुन सकेन। जहिल्यै पनि केन्द्रीय समितिको एकाधिकार हाबी भइरह्यो। अव पार्टीका कार्यकर्ताको कुनै पनि मुद्दामा कस्तो धारणा छ भन्ने बुझ्ने परिपाटि बसाल्नु जरूरी भइसकेको छ। बेलायतमा पार्टी नेता चुनिन तल्लो स्तरका कार्यकर्तासम्म पनि पुग्न जरूरी छ। जहाँ कार्यकर्ताले आफ्ना नेतासमक्ष पार्टी नीतिदेखि लिएर विभिन्न विषयमा जिज्ञासा राख्छन् र नेताको भिजन वा क्षमताको परीक्षण त्यहीँबाट हुन्छ। त्यसको लागि पनि यहाँका नेताहरू स्वच्छ अध्ययनशिल, योजनामुखी हुन्छन्। हाम्रोमा त मात्रै इतिहास भजाउने र गुट बनाउने योग्यता नेताको चुनावमा हाबी हुन्छ। अध्ययन त के, हाम्रा नेतालाई पत्रिका, इमेल पनि अरूले पढेर सुनाइदिनु पर्ने अवस्था छ। पार्टीले के निर्णय गऱ्यो भन्ने कुरा पनि तल्लो इकाईका आधिकारिक नेतृत्वले समेत पत्रिका पढेर थाहा पाउँछन्। परिपत्र अनि समन्वयात्मक प्रणाली त स्थापित नै छैन। नीति भन्दा नेता प्रधान हावी भइरहने पद्धती विरूद्धमा यही युवाहरूको अहिलेको उमेदवारी हो भने यसले पक्कै पनि एउटा निकास पाउनेछ र परिणाममुखी पनि हुनेछ। तर उही निरन्तरताको लागि हो भने नियमित आकस्मिकता मात्रै हुनेछ। तर यस पटकको युवाहरूको उपस्थिति हेर्दा पक्कै आशा गर्ने ठाउँ प्रशस्त छ नै। तर त्यसको लागि दावेदार युवाहरूले आ-आफ्नो भिजन बाहिर ल्याइहाल्नु जरूरी छ। किनकि किसान सिजनअनुसार चल्छ, पार्टी र देश भिजनअनुसार चल्छ र चल्नुपर्छ।

नेपाली कांग्रेसका युवा नेताहरूले के स्मरण गर्नु जरूरी छ भने बीपी कोइराला वि.सं. २००६ चैत्र २७ गते नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेस संयुक्त भई नेपाली कांग्रेस स्थापना हुँदा घोषणा पत्र लेखेको समयमा मात्रै ३५ वर्षका थिए। अनि पचपन्न (५५) वर्षसम्म पनि संशोधन हुन नसकेको प्रजातान्त्रिक समाजवादको दस्तावेज तयार गर्दा ४१ वर्षका मात्र थिए। अर्को कुरा जव अमेरिकाका राष्ट्रपति बाराक ओबामा इलिनोइस राज्यबाट सिनेटर चुनिए, उनी त्यति धेरै लोकप्रिय थिएनन्। तर जब उनले सन् २००७ मा 'द अडोसिटी अफ होप' भन्ने पुस्तक लेखे जहाँ उनले आफूले देखेका अमेरिकी सपनाहरूलाई इमान्दारिताका साथ राखे। त्यो पुस्तक अमेरिकाको सबैभन्दा विक्रि भएको पुस्तकको रेकर्ड राख्न मात्र सक्षम भएन कि उनलाई अमेरिकाको राष्ट्रपति हुने ठूलो ढोका पनि खोलिदियो। जुनबेला डेमोक्र्याट पार्टीबाट हिलारी क्लिन्टनले दावी प्रस्तुत गरिसकेका थिइन्, जो विल क्लिन्टन भन्दा पनि लोकप्रिय थिइन् र ओबामाले आफ्नै पार्टीको उमेदवारी पाउनाको लागि पनि आन्तरिक प्रतिस्पर्धामा उनलाई पराजित गर्नुपर्थ्यो। आखिरमा उनको अमेरिकी सपनाहरूको सिलसिलेवार भिजन सहितको सो पुस्तकको लोकप्रियताले उनलाई संसारकै ध्यानाकर्षण गर्न सक्षम र अमेरिकी राष्ट्रपति बनाइदियो।

हाम्रा युवा नेताहरूमा पनि पार्टी, देश परिवर्तनका लागि भिजन नभएका हैनन् तर त्यसको लागि चाहना र प्रतिबद्धताको खाँचो छ। स्थापित परिपाटिबाट बाहिर आउन खोज्ने अभिलाषाको खाँचो छ। आफ्नो भिजन लिएर हिँड्ने भन्दा पनि अरूको लागि प्रयोगमा आउने सोचाईबाट मुक्तिको खाँचो छ। अनि, म कहाँ र कुन बाटो कसरी जानुपर्छ भन्ने आत्म मुल्याङ्कनको खाँचो छ। यसको लागि अध्ययन, चिन्तन जरूरी छ। यसका लागि मदतगार हुन सक्छन् उही ओवामाको 'द अडोसिटी अफ होप'। नत्र सिंगापुरका लि क्वान युका आत्मकथा वा नेल्सन मण्डेलाको 'लङ वाल्क टु फ्रिडम'। केही युवाहरूको त सीके प्रसाईको 'आजको सरल राजनीति' मात्रै पढि दिए पनि प्रशस्त हुन्छ। नत्र त उही 'दाइहरूको ढोके, बैठके, चम्चे, हुक्के' भन्दा माथि केही हुने छैन।

कालान्तरमा आफ्नो इमेल पनि अरूले खोलेर हेरिदिनु पर्ने नियती हुन्छ। तसर्थ पनि हामीलाई उमेरले मात्र हैन सोचाईले पनि भिजनवाला युवाहरूको खाँचो छ।

*(लेखक नेपाली जनसम्पर्क समिति बेलायतको पूर्व उपसभापति हुनुहुन्छ)*

# गभर्नरसाव र मुख्यमन्त्री

☺☺☺☺ हाल वेहाल ☺☺☺☺

॥ महर्षि गौतम ॥

भारतको दादागिरी अव त अति नै भयो। लेउ, लेदो, कीरा, रसायन जे हालेर खानेकुरा भन्दै बेचे पनि भारतले नेपालमा छुट पाउनु पर्ने रे ! यसको बारेमा कुरै उठाउन नहुने रे !

तर कुरा उठाए छन् अनि कुरो उठाउने पत्रकारलाई उल्टो कारबाही गर भनेर आदेश पो दिन थाल्यो भारतले। यो त दिउँसै नाङ्गो हिँडेसरी नै भयो। 'जो चोर उसैको ठूलो स्वर' भनेर हाम्रा बाबु बाजेले बनाएको उखान यहाँनेर भने राम्रै चरितार्थ भयो।

हुन त भारतले यसो गऱ्यो, उसो गऱ्यो भनेर जति कराए पनि, जति उफ्रिए पनि न भारतले टेर्छ, न नेपालका कठपुतलीहरूले सुन्ने गर्छन्। मध्य पश्चिममा नेपालको एउटा सिङ्गो गाउँकै सीमा मिच्दा र गाउँलेलाई सताएको आम नेपालीले देख्दा र सुन्दा पनि परराष्ट्रमन्त्री बनेकी सुजाताले सुनिनन् र देखिनन् पनि। अथवा उनले हेर्न चाहिनन् वा सुन्न नै चाहिनन्। अनि जोसुकै कराएर के गर्नु ?

देशको पचासौं ठाउँमा सीमा मिचिएको छ। हरेक दिन भारतीय पुलिसले नेपाली पिटेको छ, लुटेको छ तर टाउके नेताहरू सुन्ने कान लाउने होइनन्। महिनौंपिच्छे कमिलाको ताँतीझैं दिल्ली ओहोर दोहोर गरेर भाग्य अजमाउने र इतिहास बनाउने खेलमा नै टाउके नेताहरू मस्तराम छन्।

देशका मुलीहरू नै भारतीयहरूको सुली खाने भएपछि भैयाहरू कोसँग किन डराउँथे ? त्यसैले उल्टो पत्रकारलाई नै कारबाहीको माग गरे। तर यी सुली खाएका नेताहरू मौन छन्। सायद भित्रै भित्रै भैया सुदसँग घुँडा टेकेर माफी मागि नै सकेका होलान्।

भारतीय दुतावासको एक कर्मचारी हाकाहाकी फोन गरेर सांसदलाई पद खोस्ने धम्की दिन्छ। नभन्दै धम्की दिएकै पर्सिपल्ट सांसद पद पनि खोसिन्छ। यो सबैले बुझेका छन् र यसको विरोधमा बोलेका छन्। तर सडक बोलेर के गर्नु, सिंहदरवार नै सर्लक्कै लैनचौरको उत्तरी टुँडामा भित्रिएपछि। भारतको सोचाई छ,-'सुद गभर्नर हो र माधव नेपालहरू मूख्यमन्त्री हुन्।' त्यस्तैगरी माधव नेपालहरू पनि त्यही सोच्छन्,-'सुद गभर्नर र आफू मुख्य मन्त्री हो।' कोही राम, कोही हराम भए कम्तीमा पनि यति सारो अचाक्ली त हुन्न थियो होला। तर यहाँ त हराम नै हराम परेछन्। हरामहरू मिलेर सिङ्गो नेपालनै हलाल गर्दैछन्। त्यसैले गभर्नरसाव आदेश दिन्छन्, मुख्यमन्त्री साव आदेश पालना गर्छन्। ती पत्रकार महोदयले पक्कै सजाय भोग्नुपर्छ। केवल थाहा हुन बाँकी छ, सजाय कस्तो खालको भोग्नुपर्छ। धन्य छिमेकी, धन्य मूख्यमन्त्रीहरू, धन्य गभर्नरहरू। अवाक् छन् जनताहरू।

**छिटो भरपर्दो तथा राम्रो भाउदरमा नेपालमा पैसा पठाउनु छ ? अथवा नेपालबाट पैसा ल्याउनु छ ?**

नेपाल, भारत, हङकङ लगायतका देशहरूको यात्राको लागि सस्तो तथा भरपर्दो हवाई टिकटको आवश्यकता छ ?



सम्झनु होस् :
कर्ण बहादुर शाही
यूनियन नेपाल सर्भिसेज लिमिटेड
**Union Nepal Services Limited**



हाम्रो सेवा नेपालको मुख्य सहरहरू काठमाडौं, पोखरा, चितवन, बुटवल, धरान, बागलुङलगायत देशभरिका ७५ वटा नै जिल्लाभरि उपलब्ध छ।
**फोन नं : 02088568848 / 07894339546**
**फ्याक्स : 02088568848**

Are you looking to buy your first home?
To move house?
*Are you paying too much for your existing mortgage?*



*Not sure what to do? We can help!!*
Call Anil now on: **07984011181**
or, 02089040370
The Wright Mortgage Company
wrightmortgageco@btconnect.com

*Your home may be repossessed if you do not keep up repayments on your mortgage.*
We normally do not charge a fee for mortgage advice. However a fee paying option is available. Our typical fee is £499. The Wright Mortrage Company is an appointed representative of Personal Touch Financial Services Ltd which is authorised and regulated by The Financial Services Authority.